**सामाजिक न्याय सहितको उदार अर्थतन्त्रको प्रस्तावना :**

- ❖ *समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माण गर्ने आर्थिक उदेश्य हुनेछ भन्ने व्यवस्थालाई* संशोधन गरी **समाजवादउन्मुखको** ठाँउमा "**सामाजिक न्यायसहितको प्रतिस्पर्धात्मक, खुला बजार अर्थतन्त्र**" निर्माण गर्ने आर्थिक उदेश्य हुनेछ भन्ने व्यवस्था गरिनु पर्दछ ।
- ❖ वर्तमान अवस्थामा अवलम्बन गरिएको तीन खम्बे अर्थनीति र समाजवाद उन्मुख अर्थव्यवस्था हटाउनु पर्दछ । आउने दिनमा निजी सार्वजनिक साझेदारीमा नव प्रवर्तनमा आधारित उदार समावेशी अर्थव्यवस्थाको कार्यान्वयन गरिनु पर्दछ । सार्वजनिक-निजी साझेदारी (एए) लाई आर्थिक विकासको प्रमुख आधारका रूपमा संवैधानिक मान्यता दिनु पर्दछ ।

**संविधानको धारा २५ अन्तर्गतको सम्पत्तिको हकमा थप स्पष्ट गर्ने**

- ❖ जनताको हित तथा राष्ट्रिय प्राथमिकताको लागी अधिकरण गरिने निजि तथा सार्वजनिक सम्पत्तीको लागी उचित बजार मुल्य कायम गरी भुक्तानी गरेपछि मात्र अधिकरण गर्न पाइने । उक्त मुल्यमा चित्त नबुझनेले स्वतन्त्र मुल्यांकन समितिमा पुनरावलोकन गर्न पाउने व्यवस्था गरिनुपर्दछ ।
- ❖ संविधानको भाग ३ मौलिक हक अन्तर्गत उद्योग तथा व्यवसाय सुरक्षाको हक राखिनुपर्दछ । साथै निजि सम्पत्तिको गोपनियता र सुरक्षा प्रत्याभुति हुने व्यवस्था कायम हुनुपर्दछ ।

**वाणिज्य अदालत**

- ❖ व्यवसायको लागी वाणिज्य अदालत सर्वोच्च अदालत भित्र राख्न पर्ने व्यवस्था गरिनुपर्दछ।

**धारा ३४ को श्रमको हक सम्वन्धि मौलिक अधिकार अन्तर्गत ट्रेड युनियन अधिकारको असिमित प्रयोग भएको छ :**

- ❖ Trade Union कुनै राजनिति दलसँग आवद्ध नभई स्वतन्त्र प्रतिष्ठान अन्तर्गत रही स्वतन्त्र रुपमा हक, अधिकार र कर्तव्यको लागी काम गर्ने गरी संविधानमा व्यवस्था गरिनु पर्दछ ।

**स्थानीय तहको कर सम्वन्धि अधिकारक्षेत्र (धारा २२८) मा संशोधन गरिनु पर्दछ :**

- ❖ कर अनुमती पत्र एकल द्धार प्रणाली मार्फत हुनु पर्दछ । व्यवसायीले प्रदेश वा स्थानीय तहले लगाउँदै आएका असमान र दोहोरो तेहेरो कर तथा शुल्कको भारको समिक्ष गर्दै एक निकायमा कर तिरेको खण्डमा अरु कुनै निकायमा कर तिर्नु नपर्ने र अनुमती एक निकायबाट लिई सकेपछि बाँकी निकायबाट अनुमती लिई रहन आवश्यक नपर्ने व्यवस्था गरिनु पर्दछ ।

**संविधानमा रहेका निर्देशक सिद्धान्त अन्तर्गत अर्थ, उद्योग र वाणिज्य सम्वन्धि नीतिमा संशोधन गरी निम्नानुसारका व्यवस्था थप गरिनु पर्दछ ।**

- व्यावसायिक सम्पत्ति र लगानी सुरक्षाको ग्यारेन्टी सहित निजि क्षेत्रलाई राष्ट्र निर्माणको साझेदारका रुपमा संविधानमा व्यवस्था हुनु पर्छ ।
- राष्ट्रिय अर्थतन्त्रको विकासको लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने विषय महत्वपुर्ण भए पनि विदेशी लगानीलाई पनि प्रोत्साहित गरिनु जरुरी छ ।
- राज्यका निर्देशक सिद्धान्तमा निजी क्षेत्रलाई "राष्ट्रिय आर्थिक विकासको प्रमुख साझेदार" भनेर स्पष्ट उल्लेख गर्ने।
- निर्देशक सिद्धान्तमा आर्थिक गतिविधिका सबै क्षेत्रमा स्वच्छता, जवाफदेही र प्रतिष्पर्धा कायम गर्न नियमन गर्ने विषयमात्र रहेको छ । यसलाई स्पष्ट परिभाषित गरी निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने विषय पनि समेटिनु पर्दछ ।
- उद्योग स्थापनाको लागि जग्गाको हदवन्दि र बन, खानी जस्ता प्राकृतिक श्रोतको उपयोगलाई विशेष व्यवस्था गरि रियलस्टेट उद्योगको लागि पनि जमिन हदवन्दि व्यवस्थामा संशोधन गरिनु पर्ने ।
- संविधानमा रहेको ३ तहको बोझिलो संवैधानिक व्यवस्थाले धान्नै नसकिने नियमित खर्च, कामको दोहोरोपन, अस्पष्ट अधिकार क्षेत्र, आयोजना कार्यान्वयनमा समन्वयको अभाव लगायतका अनगिन्ति समस्याहरु आएकोले धान्न सकिने प्रवृतिको शासकीय व्यवस्थाको पुनर्संरचना हुनु पर्दछ ।
- नेपालको निजी क्षेत्रको छाता तथा आधिकारिक प्रतिनिधि संस्था नेपाल उद्योग वाणिज्य महासंघ लाई संविधानमै स्पष्ट रूपमा मान्यता दिने व्यवस्था गरिनुपर्छ ।
- निजी क्षेत्रको आधिकारिक प्रतिनिधि संस्थाको रूपमा नेपाल उद्योग वाणिज्य महासंघसँग आर्थिक नीति निर्माणमा संस्थागत परामर्श अनिवार्य हुने व्यवस्था गरिनुपर्छ ।